म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २३४ बिहीबार २२ चैत २०८० ने. सं. ११४४ चिल्लागा 4 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु.

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा
राष्ट्रिय दैनिक
www.sajhakuranews.com

## मकवानपुरबाट हराएका १४२ थान मोवाइल भेटियो

हेटौंडा, २१ चैत/मकवानपुरका विभिन्न स्थानबाट हराएका १ सय ४२ थान मोवाइल फेला पारी मोवाइल धनीलाई बुझाइएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार विभिन्न मितिमा विभिन्न स्थानबाट हराएर खोजतलासका क्रममा पाइएका मोवाइल फिर्ता गरिएको हो । प्रहरीका अनुसार मोवाइल हराएपछि रिपोर्ट दिएकाहरुको मोवाइल फिर्ता गरिएको हो । हराएका ती मोवाइलका बारेमा दिइएको निवेदनलाई विभिन्न जिल्ला प्रहरी कार्यालयमा परिपत्र गरेर पठाएपछि खोजतलासका क्रममा फेला पारिएको हो । ती मोवाइल चितवन, काठमाडौंलगायत अन्य स्थानमा चलाइरहेको पाइएको प्रहरीले जनाएको छ । आइफोन, सामसुङ, रेडमी, ओप्पो, भिभो, पोको, भेन्कोलगायतका ब्राण्डका ती मोवाइललाई जिल्ला प्रहरी कार्यालय मकवानपुरले कार्यालयमै मोवाइल धनीलाई बोलाएर फिर्ता गरेको हो ।

# बागमतीमा डेढ वर्षभित्र तेस्रो सरकार हेरफेर, २१ जना मन्त्री बने

साझाकुरा संवाददाता

हेटौंडा, २१ चैत/ बागमती प्रदेश सरकारको दोस्रो कार्यकाल १६ औं महिनामा चल्दैछ । करिब डेढवर्षमा तीन पटक सरकार हेरफेर भएको छ । मुख्यमन्त्री शालिकराम जम्कट्टेलले तीनपटक विश्वासको मत लिएका छन् ।

पछिल्लोपटक उनले १९ चैतमा ५६ सांसदको विश्वासको मत पाए । विश्वासको मत पाएलगत्तै २० चैत साँझ नेकपा एमालेका चार जना मन्त्रीलाई शपथ गराउँदै जम्कट्टेलले सरकारलाई पूर्णता दिएका छन् । तर, विनाविभागीय मन्त्री नियुक्त भएकी रमा आलेमगरलाई मन्त्रालयको जिम्मेवारीसहित सरकार व्यवस्थापन गर्न भने बाँकी छ । उनले डेढ वर्षको अवधिमा २१ जनालाई मन्त्री बनाएका छन् । जसमध्ये केही सांसद मन्त्रीमा दोहोरिएका छन् ।

प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले गठबन्धन फेरबदल गरिरहँदा बागमतीमा पनि सरकार परिवर्तनको क्रम चलिरहेको हो । केन्द्रबाट निर्देशित संघीयताका कारण प्रदेशमा सरकार हेरफेर भइरहेको बागमतीका पूर्वआन्तरिक मामिला तथा कानुनमन्त्री कृष्ण शर्माखनाल बताउँछन् । प्रदेशको दोस्रो कार्यकालको पहिलो सरकार २५ पुस ०७९ मा बन्यो ।

४ मंसिरमा भएको निर्वाचनमा गठबन्धन गरेका नेपाली कांग्रेस र एकीकृत समाजवादीलाई छोडेर प्रधानमन्त्री प्रचण्डले एमाले र राप्रपालगायतका दलहरुको गठबन्धन बनाएका थिए । जसकारण बागमतीमा मुख्यमन्त्री जम्कट्टेलले एमाले र राप्रपालाई सरकारमा सहभागी गराए । २५ पुसमै जम्कट्टेल मुख्यमन्त्री, एमालेबाट जगन्नाथ थपलिया



आर्थिक मामिला तथा योजना र राप्रपाका उद्दव थापा खानेपानी, उर्जा तथा सिचाईं मन्त्री नियुक्त भएका थिए ।

३ माघमा १०५ सांसदको विश्वासको मत लिएका जम्कट्टेलले ११ माघमा माओवादी केन्द्रबाट आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ, भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलाल र सामाजिक विकासमन्त्रीमा कुमारी मोक्तानलाई नियुक्त गरे । एमालेबाट थप मन्त्रीहरु स्वास्थ्य मन्त्रालयमा रामेश्वर श्रेष्ठ, कृषि तथा पशुपन्छी विकासमा केशव पोखेल र श्रम, रोजगार तथा यातायात मन्त्रत्रालयमा एकालाल श्रेष्ठ ११ माघमा नियुक्त भए । राप्रपाबाट डम्बर तामाङ पर्यटन, उद्योग तथा सहकारीमन्त्री र राजु विष्ट वन तथा वातावरण मन्त्री बने ।

तर, २ महिनामै पहिलो सरकार ढल्यो । राप्रपाले १३ फागुन र एमालेले १० चैतमा सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । मुख्यमन्त्री जम्कट्टेलले दोस्रोपटक २६ चैतमा नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी)को समर्थनको सरकार विस्तार गरे । १० चैतमा ६७ सांसदको विश्वासको मत पाएका उनले कांग्रेसबाट आर्थिक मामिलामन्त्रीमा बहादुरसिं लामा र खानेपानी, उर्जा तथा सिचाईं मन्त्रालयमा तीर्थ लामालाई नियुक्त गरे ।

७ जेठ ०८० मा कांग्रेसबाटै स्वास्थ्य मन्त्रालयमा उत्तम जोशी, पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयमा पुकार महर्जन, वन तथा वातावरण मन्त्रालयमा मसिना खड्का, रामकृष्ण चित्रकार विनाविभागीय मन्त्री नियुक्त भए । सोही मितिमा एकीकृत समाजवादीबाट कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा डा. राजेन्द्रमान श्रेष्ठ र श्रम, रोजगार तथा यातायात मन्त्रालयमा लक्ष्मण लम्साल पुगे ।

कांग्रेस संसदीय दलका उपनेता चित्रकारलाई साढे दुई महिनासम्म विनाविभागीयमै राखेर मुख्यमन्त्री जम्कट्टेलले अन्ततः मन्त्रालय विभाजन गरेर जिम्मेवारी दिएका थिए । चित्रकारले उद्योग तथा सामान्य प्रशासन मन्त्रीको जिम्मा पाएका हुन् । पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय विभाजन गरेर उद्योग तथा सामान्य प्रशासन मन्त्रालय बनाइएको थियो । मुख्यमन्त्री बनेसँगै जम्कट्टेलले पूर्वमुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले बनाएको १४ वटा मन्त्रालयलाई गाभेर ११ वटामा ल्याएका थिए ।

चित्रकारलाई व्यवस्थापन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित १२ वटा मन्त्रालय पुऱ्याइएको थियो । बागमतीमा फेरि पछिल्लोपटकको सरकार विस्तारका क्रममा मन्त्री संख्या १३ पुऱ्याइएको छ । मन्त्रालय भने पुरानै कायम छन् । मुख्यमन्त्री जम्कट्टेलले तेस्रोपटक १५ चैतमा सरकार विस्तार गरे । मंगलबार सरकारलाई पूर्णता दिएका उनले ३ जना नयाँ अनुहारलाई मन्त्री बनाए भने बाँकी पुनःसरकारमा फर्किए । हाम्रो नेपाली पार्टीका शैलेन्द्रमान बज्राचार्यलाई संस्कृति, पर्यटन तथा सहकारी मन्त्री बनाएर जम्कट्टेलले बहुमत जुटाएका थिए ।

एमालेबाट १७ चैतमा आर्थिक मामिलामन्त्रीमा थपलिया, मंगलबारै रामेश्वर श्रेष्ठ, एकालाल श्रेष्ठ र केशव पोखेल मन्त्रीमा दोहोरिएका छन् । एमालेबाट प्रकाश श्रेष्ठ उद्योग, प्रशासन मन्त्रीमा नयाँ अनुहार आएका छन् । एकीकृत समाजवादीबाट मन्त्री बनेकी रमा आलेमगर पनि नयाँ हुन् । प्रदेशसभाको पहिलो कार्यकालमा उनी संसदीय समितिको सभापति थिइन् । तीनपटक सरकार फेर बदल हुँदा माओवादीका तीन मन्त्रीहरु श्रेष्ठ, दुलाल र मोक्तान यथावत रहेका छन् । जम्कट्टेलले यसपाली माओवादीका मन्त्री हेरफरको तयारी गरिरहेको पार्टीका मुख्य सचेतक रत्नप्रसाद ढकालले जानकारी दिए ।

# हेटौंडा-काठमाडौं यात्रा अब विद्युतीय गाडीमा

साझाकुरा संवाददाता

हेटौंडा, २१ चैत/ हेटौंडा-काठमाडौं सडकखण्डमा विद्युतीय गाडी सञ्चालनमा आएको छ । भरतपुर महानगर यातायात सेवा प्रालिले पहिलोपटक विद्युतीय गाडी सञ्चालनमा ल्याएको हो ।

भरतपुर महानगर यातायात सेवा प्रालिका अध्यक्ष चिनिबहादुर बोहोराले सार्वजनिक यातायातका क्षेत्रमा पहिलो पटक बुधवारदेखि विद्युतीय गाडीले सेवा दिन थालेको जानकारी दिए । 'अहिले २० वटा मात्रै गाडीबाट सेवा सुरुवात गरेका छौं,' अध्यक्ष बोहोराले भने, 'यात्रुको चाहनाअनुसार आगामी दिनमा गाडी थप गरेर सेवा दिनेछौ ।'

अध्यक्ष बोहोराका अनुसार गाडी भैंसे-भीमफेदीकै रुटमा सञ्चालन हुनेछ । १३ जना यात्रु क्षमता भएको गाडी वातावरणमैत्री छ । गाडीको भाडा हाललाई ६ सय रुपैयाँ तय गरिएको छ । प्रालिले पहिलोपटक विद्युतीय गाडी सञ्चालनमा ल्याएको हो । विद्युतीय गाडीले अन्य गाडीसरहकै समयमा हेटौंडादेखि काठमाडौंसम्म पुग्ने अध्यक्ष बाहोराले बताएका छन् ।

बोहोराले धुँवामुक्त र इन्धन बतन हुने भएपछि विद्युतीय गाडी सञ्चालनमा ल्याएको जानकारी दिए । 'इन्धन बाहिर डलर खर्चेर खरिद गर्नुपर्ने भएकाले महँगी बढिर हन्छ । त्यसैमा कहिलेकाहीं झन् नपाइने समस्या हुन्छ,' उनले भने, 'यी समस्यालाई मध्यनजर गर्दै विद्युतीय गाडी ल्याएका छौं ।' व्यक्तिगतरुपमा विद्युतीय गाडी सञ्चालन भइरहे पनि सार्वजनिक गाडी भने हेटौंडा-काठमाडौं सडकखण्डमा भने पहिलोपटक हो । विद्युतीय गाडीको काउण्टर हाल हेटौंडा-१० स्थित बसपार्कमा रहेको छ ।




# युवा व्यवसायी भेटवालको निधन

साझाकुरा संवाददाता

हेटौंडा, २१ चैत/ हेटौंडा सिमेण्ट उद्योग लिमिटेडका अध्यक्ष गणेश भेटवालको निधन भएको छ । भेटवालको उपचारका क्रममा भारतको नयाँदिल्लीस्थित मेदान्त अस्पतालमा बुधबार बिहान निधन भएको उनको पारिबारिक स्रोतले जनाएको छ ।

उपचारका लागि भेटवालको साथमा दिल्ली पुगेका मकवानपुरका स्वास्थ्यकर्मी कृष्ण यादवका अनुसार तीन हप्ता अघि पेटको समस्या



देखापरेर काठमाडौंको मेडिसिटी अस्पतालमा भर्ना गरिएको थियो । मेडिसिटीमा उपचारका क्रममा भेटवालको कलेजोको समस्या देखिएको पारिवारिक श्रोतले जानकारी दिएको छ । उनलाई थप उपचारको लागि गत चैत्र ११ गते परिवारले दिल्लीको मेदान्त अस्पतालमा लगेको थियो ।

लामो समयदेखि निर्माण व्यवसायमा सक्रिय भटवाल मकवानपुर उद्योग वाणिज्य संघमा एक कार्यकाल एशोसियट उपाध्यक्ष तथा हाल कार्यसमिति सदस्य रहेका थिए । उनको ४९ वर्षको उमेरमा निधन भएको परिवारश्रोतले जनाएको छ । उनको पार्थिवशरीर नेपाल ल्याईदै गरेको र अन्त्येष्टि बिहिबार बिहान गरिने परिवार श्रोतले जनाएको छ ।

भेटवालको निधनले व्यवसायिक क्षेत्रमा ठुलो क्षति पुगेको र एउटा असल व्यवसायीसँगै साथी गुमाएको मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले बताए । हेटौंडा सिमेण्ट उद्योग लिमिटेडका महाप्रबन्धक बसन्त पाण्डेले उद्योगगलाई नयाँ दिशामा लैजाने सपना देखेको उद्योगका क्याप्टेनको निधनले स्तप्ब्ध बनाएको बताए ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरूः

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७८२८४६१४, ९८४५६२३५६९



साझाकुरा

## हाम्रो कुरा

# सहकारी दिवसको सार्थकता

सहकारीमा सुशासन: प्रविधि र एकीकरण भन्ने नारा तय गरेर ६७ औं राष्ट्रिय सहकारी दिवस देशभर मनाइएको छ । सहकारीमा बचत तथा ऋणको कारोबार गर्ने सदस्यहरुलाई मनमा उब्जेको शंकाउपशंका निराकरण गर्ने गरी दिवस मनान सकेको भए अझै प्रभावकारी हुने थियो । सहकारी मर्ज गरेर थोरै संख्यामा कायम गर्ने र दक्ष संचालक तयार गर्ने कुरामा थोरै भएपनि जोड दिनुपर्ने थियो । सहकारी दिवसको दिन मंगलबार हेटौंडामा संस्कृति पर्यटन तथा सहकारी मन्त्री, सचिव, रजिष्ट्रार सहितका कर्मचारी, संहकारी संघसंस्थाका सञ्चालक समिति पदाधिकारी, लेखासमिति पदाधिकारी, शेयर सदस्य, कर्मचारी सहितको सहभागितामा प्रभातफेरी, बजार परिक्रमा गरी सभामा परिणत भयो । राष्ट्रिय सहकारी दिवस मूलसमारोह समितिले एक महिना अघिदेखि सहकारी दिवस मनाउने तयारी गरेको थियो । प्रदेशका सहकारी मन्त्री शैलेन्द्रमान बज्राचार्यको प्रमुख आतिथ्यतामा सभा भएको थियो । मन्त्री बज्राचार्यले सहकारीप्रतिको बिश्वासलाई कायम राख्नपर्ने, सहकारीको समस्या समाधान गर्नका लागि सहकारी अभियान एकजुट हुनुपर्ने बताए ।

सहकारी संस्थामा देखापरेका विभिन्न चुनौतीलाई सामना गर्न ऐननियममा पनि थोरै परिवर्तन गर्नु जरुरी छ । सहकारीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सकिएन भने दिवस मनाउनुको औचित्य छैन । सहकारीमा भएका समस्या, चुनौतीलाई समाधान गर्ने दरिलो नीति चाहिएको अवस्था छ । सहकारीका संचालकहरुले सहकारीको सेयर सदस्यको बचत रकम घरजग्गा, सेयरमार्केटमा लगानी गरेर संकट पैदा भएको अवस्था छ । सेयर मार्केट पनि घटेको र घरजग्गाको कारोबार पनि ठप्प भएका कारण केही सहकारी संस्थामा संकट पैदा भएको हो । सहकारी संस्थामा बचत गर्ने बचतकर्ता आफ्नो बचत रकम कुन ठाउँमा लगानी भएको छ भनेर हेर्न सक्ने अवस्थाका छैनन् । त्यसैले केही सहकारी संस्थाका संचालकहरुले बचत रकम अपचलन गरेका कारण संकट पैदा भएको हो । सहकारीको नाराअनुरुप सहकारी प्रविधिमा केन्द्रित भई सहकारीमा सुशासन ल्याउनुपर्ने अवस्था छ । समुदायमा आर्थिक, उत्पादनशील ब्यवसाय र रोजगारीका क्षेत्रमा कार्य गरेको उदाहरण पनि नभएका होइनन् । गुणस्तरीय सहकारी संस्थाको निर्माणका लागि सहकारीको एकीकरण नै भरपर्दो बिकल्प पनि हो । राज्यको तीनखम्बे अर्थनीति अन्तरगत सहकारीलाई एक खम्बाको रुपमा लिएको अवस्थामा छ ।

सहकारी अभियानमा देखिएका समस्या समाधान गर्न सबै एकजुट भएर जानुपर्छ । कार्यक्रममा प्रभातफेरीमा गरिएको झाँकी प्रदर्शनमा विभिन्न सूचकमा उत्कृष्ट अंक ल्याएका पाँचवटा सहकारी संस्थालाई पुरस्कृत गरिएको थियो । ६७ औं राष्ट्रिय सहकारी दिवस मूल समारोह समितिको आयोजनामा विविध कार्यक्रम सहित भएको कार्यक्रममा भएको सहकारी दिवसमा संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय, बागमती प्रदेशको सहयोग र मकवानपुर जिल्ला सहकारी संघ, जिल्ला बचत तथा ऋण सहकारी संघ लि. मकवानपुर, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ, मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघ, जिल्ला कृषि सहकारी संघ लि. मकवानपुर, राष्ट्रिय सहकारी बैंक लि. हेटौंडाको सहकार्य रहेको थियो । परम्परागत रुपमा दिवस मनाउनु भन्दा केही फरक शैली अपनाउन सकेको खण्डमा सार्थकता पाउने थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत २३ गते शुक्रबार ५ अप्रिल २०२४ । एकादशी, चैत कृष्णपक्ष । चिल्लागा ११४४ ने.सं. । सूर्योदय ५:५२, सूर्यास्त ६:२३ । पापमोचनी एकादशी । देवपत्तनमा देशोद्धार पूजा ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्वास्थ्योपचारमा खर्च हुनेछ | **तुला** | : रमाइलोमा दिन बित्नेछ |
| **वृष** | : मानसिक असन्तुष्टि बढ्नेछ | **वृश्चिक** | : जोश जागर आउनेछ |
| **मिथुन** | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | **धनु** | : समयले साथ दिनेछ |
| **कर्कट** | : काम अपुरै रहने देखिन्छ | **मकर** | : राम्रो समाचार सुन्न पाइनेछ |
| **सिंह** | : मनमा निरासा उत्पन्न हुनेछ | **कुम्भ** | : शुभ नतिजा आउनेछ |
| **कन्या** | : समयले साथ दिनेछ | **मीन** | : दिन रमाइलो हुनेछ |

# खस्किंदो शिक्षा क्षेत्रलाई उकास्ने केही सुझाव



✍ डा. अंगराज तिमिल्सिना

भनिन्छ, दुनियाँमा शिक्षा क्षेत्रको लगानीका अलावा अरु यस्तो क्षेत्र छैन जसले देश र समाजका लागि बढी प्रतिफल दिन सकोस् । सर्वसुलभ र गुणस्तरीय शिक्षाले गरिबी निवारणदेखि पिछडिएको क्षेत्रको सशक्तीकरणसम्म, समान अवसर को सृजनादेखि देशका विकासका संरचना, विज्ञान-प्रविधि र श्रम बजारलाई चाहिने जनशक्ति सँगसँगै आँकडा, तथ्य, प्रमाण र विश्लेषणात्मक तर्कशक्तिमा विश्वास गर्ने नागरिकको निर्माणसम्ममा शिक्षा क्षेत्रको विकासको महत्वपूर्ण भूमिका रहन्छ ।

नेपालको शिक्षा क्षेत्रको विकासमा धेरै 'फल्ट लाइन' (समस्या) छन् र समयसँगै केही विकृतिहरू पनि थपिएका छन् तर गत ३० वर्षमा शिक्षा क्षेत्रमा प्रगति हुँदै नभएको होइन । सन् १९९० मा औसतमा नेपालीले साढे सात वर्ष जतिको शिक्षा ग्रहण गर्थे भने सन् २०२१ सम्म आइपुदा १३ वर्ष जतिको शिक्षा ग्रहण गर्छन् । तर युनेस्कोको शिक्षाको स्तर देखाउने 'एजुकेसन इन्डेक्स' अनुसार १६३ देशमा नेपालको स्थान १२३ मा रहेछ । भन्नुको अर्थ शिक्षामा हामीभन्दा राम्रो गर्ने १२२ देश र कम राम्रो गरि रहेका ४० देश रहेछन् ।

शिक्षा क्षेत्रको खस्कँदो अवस्थाले होला विकास र समृद्धिको स्तर देखाउने बजार प्रतिस्पर्धा, भ्रष्टाचार निवारण, मानव विकास, सुशासन, ई-शासन, नवपरिवर्तन, व्यवसाय सञ्चालन, जीवनयापनको गुणस्तर र बौद्धिक क्षमताको स्तर आदि एक दर्जनभन्दा बढी सूचकांकहरूमा नेपालको श्रेणी पनि पुछारमै छ ।

मुख्य कुरा नेपालमा निजी र सरकारी विद्यालय र विश्वविद्यालयहरू धेरै थपिए । तर समयसँगै सरकारी-सार्वजनिक शिक्षा र निजी क्षेत्रले दिने शिक्षाको स्तरमा असमानता उल्लेख्य बढ्यो नै, सार्वजनिक क्षेत्रको सेवाको स्तर धेरै खस्कियो । शिक्षा क्षेत्रको मात्रा (क्वान्टिटी) मा विकास भएको जस्तो देखियो तर गुणस्तर (क्वालिटी) मा विकास पछि पर्‍यो ।

नेपालमा केही गरौं भन्ने नयाँ शिक्षा मन्त्रीका केही निर्णयहरू सुरुमै विवादित बनेका छन् । संसद्‌मा विचाराधीन शिक्षा विधेयकले नेपालको शिक्षा क्षेत्रमा जगडिएर रहेका मुख्य समस्याहरूको समाधान निकाल्न सक्ला त भनेर शंका-उपशंका गर्नेहरू पनि छन् । यही परि प्रेक्ष्यमा मेरो विगत २०-२५ वर्षको विकास र सुशासनको अनुभवका आधारमा निम्न अनुभव र सुझाव प्रस्तुत गर्न चाहन्छु ।

### नेपालको शिक्षा क्षेत्र सुधार सम्बन्धी प्रमुख चुनौती

#### १. नीतिगत चुनौती

विगतमा ४-५ वटा शिक्षा क्षेत्र सुधारका ठूला कार्यक्रमहरू नेपालमा लागू नभएका होइनन् तर परिणाम औसत नै रह्यो । यसको मुख्य कारण निम्न नीतिगत कुराहरूमा अस्पष्टता छ र संसदमा विचाराधीन शिक्षा विधेयकले यी चुनौतीको स्पष्ट समाधान खोज्नुपर्छ:

क. शिक्षा क्षेत्र विकासको नेपालको सैद्धान्तिक धरातल के हो ? विश्वमा दुई थरीका अवधारणा छन् । एकथरी श्रम बजारका लागि दक्ष जनशक्ति उत्पादन गर्ने शिक्षा चाहिन्छ भन्छन् भने अर्कोथरीले मानव विकास अर्थात् नागरिकले आफ्नो अमूल्य जिन्दगी जिउन चाहिने स्वतन्त्रता र अवसरका लागि शिक्षा चाहिन्छ भन्छन् । यी दुई सैद्धान्तिक धरातलहरू बीच कस्तो सामञ्जस्य कायम गर्ने ? मुख्यगरी विद्यालय र विश्वविद्यालयको शिक्षाको लक्ष्य के हुने ?

ख. शिक्षाको केन्द्रबिन्दुमा विद्यार्थी, शिक्षक वा अभिभावक कसलाई राख्ने ? कि सामूहिक जिम्मेवारीलाई प्रोत्साहन गर्ने ? जस्तो कि फिनल्याण्डको शिक्षाले विद्यार्थीलाई केन्द्रमा राख्छ भने सिंगापुरको शिक्षाले विद्यार्थी र शिक्षक दुवैलाई केन्द्रमा राख्छ । रुवाण्डाले शिक्षकहरूको प्रविधि सम्बन्धी ज्ञान (डिजिटल स्किल्स्) र पढाउने तरीका (पेडागोलोजी) मा जोड दिन्छ । तर सामूहिक जिम्मेवारीलाई रेखदेख, निगरानी र मूल्याङ्कन गर्न सजिलो छैन ।

ग. विद्यालयहरूलाई एक-आपसमा प्रतिस्पर्धी अनि विश्वविद्यालयहरूलाई स्वायत्त र गुणस्तरीय शिक्षा दिने कसरी बनाउने ? पछि स्कूल र कलेजको शिक्षा नसकेर बीचमै छोड्ने अभ्यास (ड्रप आउट) लाई कम गर्न आधारभूत शिक्षाको स्तरलाई कसरी बलियो बनाउने ? जस्तो कि रुवाण्डाको विद्यालय सुधारको कार्यक्रमले विद्यालयहरूको परिणाममा आएको सुधारका आधारमा स्रोत र साधनको बाँडफाँट गर्ने नीति ल्यायो ।

घ. संघ, प्रदेश र स्थानीय सरकारहरूको भूमिका र जिम्मेवारीलाई स्पष्ट, पारदर्शी, जवाफदेही र वस्तुनिष्ठ मूल्यांकन हुने कसरी बनाउने ? जिम्मेवारीबाट भाग्ने वा कार्यक्षमता न्यून हुनेलाई के गर्ने ?

ङ. साधारण र व्यावसायिक (टेक्निकल/भोकेसनल) शिक्षाबीचको समन्वय कसरी गर्ने ? नर्वे वा अरू देश जस्तै पढ्न चाहनेलाई साधारण वा व्यावसायिक जता जान पनि पाउने विकल्प दिने कि नदिने ?

च. निजी क्षेत्रको शिक्षालाई व्यापारीकरण गर्नबाट रोक्न र निजी र सार्वजनिक/सरकारी शिक्षा बीचको खाडललाई कम गर्न के गर्ने? कस्तो खालको शिक्षामा निजी लगानीलाई प्रोत्साहन वा दुरुत्साहन गर्ने ?

छ. समाजको समग्र सदाचार माथि उठाउन सहयोग गर्ने नैतिक शिक्षा, अधिकार र कर्तव्यको शिक्षा, सदाचार र नागरिक शिक्षालाई कसरी समेट्ने ? शिक्षा क्षेत्रको विकासद्वारा नेपालमा बढ्दै गएको सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक अराजकतालाई कसरी सम्बोधन गर्ने?

ज. शिक्षा मन्त्रीले निजामती कर्मचारीमाथि अविश्वास प्रतिबिम्बित हुने गरी प्रशिक्षार्थी कर्मचारी परिचालन गर्न नयाँ कार्यविधि ल्याएको कुरा विवादित छ, तर नेपालको पिस कोर कार्यक्रम र विश्वका अन्य देशमा एड्जङ्क्ट टिचर/प्रोफेसर राख्ने कुराले शिक्षाको गुणस्तर बढाउन सहयोग मिल्छ । त्यसैले यी कुरा (अर्थात् ल्याटर इन्ट्री) लाई कसरी व्यवस्थापन गर्ने ?

#### २. राजनीतिक चुनौती

हाम्रा विद्यालयदेखि विश्वविद्यालयसम्म राजनीतीकरणको शिकार भएको जगजाहेर छ । पार्टीका मान्छेहरूको भर्नादेखि विभिन्न पार्टीका संगठनहरूले शिक्षा क्षेत्रलाई प्रभावमा पारेका छन् । अधिकांश जसो शिक्षक राजनीतिक दलहरूसँग आबद्ध छन् । वर्षौंदेखि राजनीतिको दलदलमा फसेको शिक्षा क्षेत्रलाई कसरी उकास्ने भन्ने ठूलो चुनौती छ ।

#### ३. सुशासन सम्बन्धी चुनौती

अरू देशको अनुभव हेर्दा सुशासनका कुरा गर्दा स्वायत्तता, पारदर्शिता, क्षमता अनि जिम्मेवारीपन सबै पर्छन् । विश्वविद्यालयको सुशासन मोडेल कस्तो छ ? त्यसले शिक्षाको गुणस्तर बढाउन सहयोग गरेको छ कि छैन? विश्वविद्यालय अनुदान आयोगको नेतृत्व र भूमिका कस्तो छ ? समग्र विश्वविद्यालयको नेतृत्व र व्यवस्थापनको वातावरणले अनुभवी, प्यासनेट (जुनूनी) र तुलनात्मक रूपमा अब्बल दर्जाका प्राध्यापकलाई अध्यापनमा जाउँ भन्ने वातावरण बनाएको छ कि छैन ?

हामी संघीय गणतन्त्रको अभ्यासमा छौं । तीन तहको व्यवस्था अन्तर्गत स्थानीय तह सबैभन्दा बढी सेवा प्रवाह गर्ने तह भएकाले अधिकार हस्तान्तरण गर्दै जाँदा जनताले त्यसको सबैभन्दा बढी अनुभूति गर्ने हो र गणतन्त्र संस्थागत हुँदै जाने हो । तर उनीहरूको यसअघिको आन्दोलन हेर्दा शिक्षकहरूले स्थानीय निकाय मातहतमा बस्न मानेका छैनन् । शिक्षकहरूले के के कुराको सुनिश्चितता खोजेको हो बहस गर्न जरूरी छ । शिक्षकहरूको केही जायज माग होलान् तर स्थानीय तह अन्तर्गत जाँदै नजाने भन्ने आन्दोलन पनि चुनौती बनेको छ ।

विश्वका अरू देशको अनुभव हेर्दा नीतिगत कुरा संघ वा राज्यका मातहत र विद्यालयस्तरको शिक्षाको दैनिक रेखदेख स्थानीय तहमै हुँदा प्रभावकारी हुने देखिन्छ किनकि यसले विद्यार्थी, शिक्षक र अभिभावकको सामूहिक प्रयासलाई प्रश्रय दिन्छ । जस्तो कि धेरै देशमा राज्य सरकारहरू पब्लिक स्कुलहरूको मर्मत र सञ्चालनका अलावा पाठ्यक्रम, शिक्षण विधि र निर्देशनात्मक सामग्रीको स्थापना, छनोट र नियमनका लागि जिम्मेवार हुने गर्छन् । राम्रो उदाहरण दिल्लीका केजरीवालले शिक्षाको गुणस्तरमा ल्याएको परिवर्तन हो ।

अमेरिकाको अनुभव हेर्दा लोकल स्कुल बोर्डहरूले स्थानीय नीतिनिर्माण र प्रशासन (भर्ना, बजेट, तलब, पढाइको रेखदेख आदि) गर्ने गर्छन् तर लोकल बोर्डमा बस्ने कम्तीमा ब्याचलर डिग्री भएका, कुनै पार्टीसँग प्रत्यक्ष सम्बन्ध नभएका, उच्च निष्ठा भएका, अनुभवी र अक्सर शिक्षाप्रेमी र विशुद्ध स्वेच्छिक आधारमा काम गर्ने गर्छन् ।

नेपालको अनुभव के छ भने धेरै पालिकाहरूमा हाम्रो स्थानीय पूर्वाधार तयार हुन केही वर्ष लाग्छ । काठमाडौं महानगरपालिका र बाजुराको हिमाली गाउँपालिकालाई एकै ठाउँमा राखेर कसरी विद्यालयहरूलाई स्थानीय तह अन्तर्गत राखेर, एउटै नीति बनाएर सुधार गर्ने भन्ने मुख्य चुनौती हो ।

अहिले नै राज्य र स्थानीय निकायको क्षमता हेरेर नेपालमा यो कति सम्भव छ त भन्ने हेर्नुपर्छ । ७५३ वटा पालिका एकनास पनि छैनन् । तर शिक्षा व्यवस्थापन केन्द्रीकृत हुनुहुन्न र धेरै खण्डित पनि हुनुहुन्न । केही समय दक्षता अभिवृद्धि गर्ने, गुणस्तरमा एकरूपता ल्याउने र त्यही अनुसार स्थानीय तहमा दायित्वहरू हस्तान्तरण गर्दा राम्रो !

#### ४. केही मात्रामा भए पनि शिक्षामा हुने विदेश पलायन कसरी रोक्ने ?

हरेक दिन करीब २ हजार जतिले नो अब्जेक्सन लेटर लिने गरेको पाइन्छ । अस्ट्रेलियामा विदेशी विद्यार्थीमा नेपाल तेस्रो राष्ट्र पर्छ । जापान, कोरिया, युरोप, अमेरिका आदितिर उल्लेख्य मात्रामा नेपाली विद्यार्थी छन् भने भारतमा मात्र सन् २०२२ मा १३ हजार भन्दा बढी विद्यार्थी थिए । भारतका धेरै विश्वविद्यालयले त नेपालीलाई आकर्षण गर्न कोटा छुट्याउने र शुल्कमा समेत छुट दिन्छन् ।

विश्वव्यापीकरणको युगमा विदेश पलायन रोकिने पनि होइन र नियन्त्रण गरेर रोक्ने प्रयत्न राम्रो होइन तर नेपालको सरकारी-सार्वजनिक शिक्षाको गुणस्तर खस्किएको र निजी उच्च शिक्षा महङ्गो भएकाले समेत किन विदेश नपढ्ने भन्ने तर्क बलियो बनेको छ ।

#### ५. शिक्षामा लगानी

शिक्षा क्षेत्रमा उदाहरणीय मानिने नर्डिक देशहरूको जस्तो जीडीपीको ९-१० प्रतिशत शिक्षामा लगानी नेपालमा २-४ वर्षमा सम्भव नहोला तर विश्व बैंकका अनुसार सन् २०२१ मा विश्वको 'पब्लिक स्पेन्डिङ इन एजुकेशन' जीडीपीको ४.२ प्रतिशत थियो भने नेपालको औसत ३.४ प्रतिशत थियो । यो विश्वको औसतभन्दा तल हो । शिक्षामा कति सार्वजनिक लगानी (पब्लिक एक्स्पेन्डिचर) हुनुपर्छ भन्ने अन्तर्राष्ट्रिय मापदण्ड सरकारको बजेटको १५ देखि २० प्रतिशत मानिन्छ । शिक्षा क्षेत्रमा न्यून लगानी भए कसरी गुणस्तर बढ्छ त? भारतमै हेर्ने हो भने शिक्षामा औसत खर्च जीडीपीको ४.६ प्रतिशत छ भने भुटानको त ८.१ प्रतिशत छ । विकासको उदाहरण दिंदा अहिले रुवाण्डालाई राम्रो नमूना मानिन्छ । युनिसेफका अनुसार रुवाण्डाले सन् २०२३-२४ मा आफ्नो बजेटको १५.६ प्रतिशत शिक्षामा छुट्याएको छ ।

शिक्षामा लगानी बढाउँदा गुणस्तर बढ्छ भन्ने अर्को उदाहरण दिल्ली सरकारले शिक्षा क्षेत्रमा ल्याएको परिवर्तनलाई पनि लिन सकिन्छ । दिल्ली सरकारले सन् २०१५ मा शिक्षा क्षेत्रमा कुल बजेटलाई १२ बाट २५ प्रतिशतमा बढायो । शिक्षामा बजेट बढेका कारण शिक्षक तालिम/मेन्टरिङदेखि करिकुलम रिभिजनसम्म, स्कूल भवन र कोठादेखि नयाँ प्रविधिको प्रयोगसम्मका कुरामा लगानी बढेकाले 'दिल्ली एजुकेशन रिभोल्युसन' सम्भव भयो भनिन्छ ।

### नेपालको शिक्षा क्षेत्र सुधारका लागि केही सुझाव

माथि उल्लेख गरिएका चुनौतीलाई एकै दिन समाधान गर्न सकिंदैन । केही तत्काल गर्नुपर्ने र केही समस्याहरूको दीर्घकालीन समाधान खोज्नुपर्ने देखिन्छ । विद्यालयमा हुने राजनीतिक कार्यक्रम वा सार्वजनिक जग्गा हडप्ने कुरा रोक्नुपर्छ । विश्वविद्यालयका पदाधिकारीको नियुक्तिलाई पारदर्शी र प्रतिस्पर्धी बनाउनुपर्छ । विश्वविद्यालयको पठनपाठन र परीक्षालाई 'क्यालेन्डर' अनुसार लैजानुपर्छ भने प्रश्नपत्र वा परीक्षामा हुने अनियमितता रोक्नुपर्छ । सरकारी र निजी विद्यालय वा विश्वविद्यालयले उठाउँदै आएको गैरकानुनी शुल्कहरूलाई व्यवस्थित गर्ने र शिक्षक र प्राध्यापकको तालिम, सरुवा, बढुवा आदिलाई प्रभावकारी बनाउने जस्ता सुधार शिक्षा मन्त्रीको स्तरबाट सम्भव होला ।

तर नेतृत्वमा रहेकाको केही क्रान्तिकारी परिवर्तन गरौं भन्ने राम्रो मकसद भए पनि व्यापक छलफल, विमर्श र सहमति विनाका सुधारका योजना, निर्णय र कार्यक्रमहरू लागू गर्दा धेरैभन्दा धेरै नागरिकहरूको संलग्नता र समर्थन भएन भने सुधारका कार्यक्रमहरूलाई कार्यान्वयन गर्न गाह्रो हुन्छ । माथि उठाइएका चुनौतीको हल खोज्न नेपालको शिक्षा क्षेत्र सुधारका लागि हरेक पालिका, प्रदेश र राष्ट्रियस्तरमा व्यापक छलफल चलाउन आवश्यक छ ।

ठीक त्यसरी नै विद्यालय शिक्षा, उच्च शिक्षा अनि प्राविधिक शिक्षाका मुख्य चुनौतीको सूक्ष्म अध्ययन गरेर समाधान खोजिनुपर्छ । अहिले विकासको लिटरेचरमा के र कसरी दुई शब्द धेरै प्रयोग गरिन्छन् । के भन्नाले नीति, प्राथमिकता र कार्यक्रम के हुने भन्ने कुरा र कसरी भन्नाले यी कुरालाई पूरा गर्न चाहिने राजनीतिक इच्छाशक्ति र सुशासन ।

अहिले नेपालमा धेरै पार्टीको गठबन्धन सरकार छ । एमालेका एकजना प्रभावशाली नेताले पार्टीका भ्रातृ संस्था भएका कारण शिक्षाको गुणस्तर खस्किएको होइन भनिरहेका छन् । शिक्षा क्षेत्रलाई राजनीतिबाट मुक्त राख्न कांग्रेस, एमाले लगायत अरू पार्टीहरूको पनि सहमति चाहिएला । तर स्वतन्त्र पार्टीबाट प्रतिनिधित्व गर्ने शिक्षा मन्त्रीले कि त अरू ठूला पार्टीलाई लिएर काम गर्न पर्‍यो, कि त आफ्ना प्राथमिकता तय गरेर यी हाम्रा बटम लाइन/रेड लाइनहरु हुन भन्ने कुरा प्रधानमन्त्री र गठबन्धनका अरू नेताहरूलाई प्रष्ट पार्न जरूरी छ । नत्र जति परिवर्तनमुखी एजेन्डा र केही गरौं भन्ने हुटहुटी हुँदाहुँदै छिट्टै फ्रस्टेसन आउने पनि हुनसक्छ ।

समग्रमा राजनीतीकरण कम र व्यावसायिकता बढ्दै गए, राज्यको शिक्षामा लगानी बढ्दै गए अनि राम्रो शिक्षक र राम्रा (प्रतिस्पर्धी) विद्यार्थीको आकर्षणले नै शिक्षा क्षेत्रको गुणस्तर बढ्ने हो । यसका लागि केही सुझाव यसप्रकार छन् -

१. आम बहस र छलफलका साथ सकेसम्म धेरैभन्दा धेरै परिवर्तन र सुधारमुखी प्रावधानहरू समेटेर संसदमा विचाराधीन शिक्षा विधेयक पास गरौं ।

२. विश्वको औसत खर्चभन्दा तल हाम्रो शिक्षामा लगानी भएकाले आगामी बजेटमा शिक्षा क्षेत्रमा लगानी बढाउने प्रयास गरौं । शिक्षामा राजनीतीकरण रोक्ने एजेन्डामा राष्ट्रिय सहमति बनाऔं । जस्तो कि ट्रेड युनियन बाहेक पार्टीको सदस्यता लिनु गैर कानुनी हुन्छ । नियुक्ति, भर्ना आदिलाई खुला र पारदर्शी बनाउनुपर्छ । विश्वविद्यालयको नेतृत्वलाई राजनीति भन्दा टाढा राखेर प्राज्ञिक बढी बनाउनुपर्छ । कुलपति, सह-कुलपति आदि पञ्चायतका लिगेसीहरूलाई हटाएर विश्वविद्यालयलाई विशुद्ध प्राज्ञिक र स्वायत्त बनाउनुपर्छ । विश्वविद्यालय अनुदान आयोगलाई स्वतन्त्र बनाउनुपर्छ, आदि ।

३. प्रोत्साहन र जरिवानाको व्यवस्था अर्को महत्वपूर्ण पक्ष हो । शिक्षा ऐन अनुसार राम्रो गर्ने पालिका वा प्रदेशलाई प्रोत्साहन स्वरूप थप स्रोत दिने र नगर्नेलाई जरिवाना तोक्ने व्यवस्था हुन जरूरी छ । पालिका-पालिका बीच, प्रदेश-प्रदेश बीच, विद्यालय-विद्यालय बीच, शिक्षक-शिक्षक बीच प्रतिस्पर्धासँगै सहकार्य (जस्तो मेन्टरिङ) को व्यवस्था हुन जरूरी छ ।

भुटानको जस्तै एउटा जिल्लामा एउटा मोडेल स्कुल बनाएर संघ, प्रदेश र स्थानीय तहले एकत्रित सम्पत्ति अवधारणामा गएर शिक्षाको स्तर बढाउन सकिन्छ । पालिका र प्रदेशले शिक्षा क्षेत्रमा ल्याएको परिवर्तन अर्थात् सकारात्मक परिणामका आधार थप राज्यले स्रोत दिने व्यवस्था गरौं । दुर्गम र जनशक्तिको अभाव भोगेका अनि क्षमता कम भएका पालिकालाई विशेष कार्यक्रम मार्फत प्रोत्साहन र क्षमता अभिवृद्धिको प्रावधान राखौं ।

४. नर्वे जस्ता देशहरूमा एकेडेमिक र भोकेसनल दुवै शिक्षालाई उत्तिकै जोड दिइन्छ भने दुवै खालका शिक्षामा जाने (स्वीच हुने) विकल्प हुन्छ । नेपालमा समेत भोकेसनलबाट साधारणमा जाने बनाउनुपर्छ भने भोकेसनल शिक्षालाई साधारणभन्दा बढी आकर्षक बनाउन जरूरी छ ।

५. विश्व नयाँ प्रविधिको युगमा छ । त्यसैले विद्यालय शिक्षामा विज्ञान, गणित, इन्जिनियरिङ र टेक्नोलोजीमा बढी जोड दिन जरूरी छ । विशेषगरी विद्यालय र विश्वविद्यालयहरूको डिजिटल पूर्वाधारलाई अभिवृद्धि गर्न जरूरी छ ।

६. विशेषगरी स्तरीय शिक्षाका लागि स्तरीय शिक्षक र प्राध्यापक चाहिने भएकाले यिनको तलब र अन्य सुविधा प्रतिस्पर्धी बनाउन जरूरी छ । समग्रमा शिक्षक र प्राध्यापकको तलब-सुविधाका आधारमा अरू पेशा भन्दा आकर्षक पेशा बनाउन नसके अनि दक्ष जनशक्ति तान्ने र तालिम दिएर अपग्रेड गर्दै जान नसके कुनै पनि देशको शिक्षाको गुणस्तर बढ्न गाह्रो हुने गर्छ ।

७. शिक्षक र कर्मचारीहरूले सार्वजनिक-सरकारी विद्यालयमा आफ्ना छोराछोरी पढाए राज्यले अनुदान दिने व्यवस्था भए पनि शिक्षाको गुणस्तर बढ्नमा बल पुग्नेछ ।

८. निजी क्षेत्रका विद्यालय, कलेज र विश्वविद्यालयमा बरु राज्यले नै केही लगानी गरेर केही सिटहरूमा प्रतिस्पर्धाद्वारा नि:शुल्क पढ्ने व्यवस्था मिलाउन सके केही हदसम्म भए पनि विद्यार्थी विदेश पलायन हुने कुरा रोकिनेथियो । ठीक त्यसरी नै निजी लगानी र सरकारी लगानीका विद्यालयबीच सहकार्यको मोडेल अपनाउन सके वा कस्तो र कुन अवस्थामा निजी लगानीलाई प्रोत्साहन वा दुरुत्साहन गर्ने भन्ने राष्ट्रिय नीतिमा सबै मुख्य दलहरू सहमत हुनसके निजी र सरकारीबीचको खाडल कम गर्न सकिने थियो । प्राविधिक र सीपमूलक शिक्षामा रहेकालाई विस्तारै सरकारी-निजी साझेदारीको मोडेलमा लैजाने कि ?

९. नेपालमा कति विद्यालय वा कति कलेज र विश्वविद्यालयको संख्या चाहिने हो, अध्ययन हुन जरूरी छ । स्थानीय तहमा विद्यालयको संख्या धेरै भएर पनि शिक्षाको गुणस्तर खस्केको हो कि अनि स्रोत-साधन छरिए जस्तो भएको हो कि? बरु विद्यालयको संख्या घटाउन प्रोत्साहन गर्ने हो कि ?

ठीक त्यसरी नै १८-२० विश्व विद्यालयहरू नेपालमा सञ्चालनमा भए पनि अझै त्रिभुवन विश्वविद्यालयले ८० प्रतिशत विद्यार्थी धानेको छ । विशेषगरी विश्वविद्यालयस्तरले एकातिर विश्व बजारमा बिक्न सक्ने दक्ष जनशक्ति तयार गर्नुपर्ने चुनौती छ भने अर्कोतिर नेपालको समग्र विकास र समृद्धिलाई सहयोग पुर्‍याउन नीतिगत विश्लेषण गर्न सक्ने अनुसन्धान, अन्वेषण र खोजमुखी शिक्षा कसरी बनाउने भन्ने चुनौती छ । हरेक वर्ष नेपालका विश्वविद्यालयहरूले अनुसन्धानमा गरेको प्रगतिका आधारमा थप प्रोत्साहन स्वरूप केही अनुसन्धानको कोष परिचालन गर्न सके अनुसन्धानमुखी शिक्षालाई बढावा मिल्नेछ ।

१०. अनुभवी र पढाउने अभिरुचि र उत्साह भएकालाई प्रतिस्पर्धाद्वारा सीधै ल्याउन सकिने प्रावधान (ल्याटरल इन्ट्री) हुन जरूरी छ । धेरै देशहरूमा एड्जङ्क्ट प्रोफेसरको व्यवस्था छ । यही भएर अमेरिकामा राष्ट्रपतिकी उम्मेद्वार हिलारी क्लिन्टनदेखि बेलायतका पूर्वप्रधानमन्त्री गोर्डन ब्राउनसम्मले विश्वविद्यालयमा पढाइरहेका छन् । तर यो प्रावधान मन्त्रीको निर्णयले होइन कि शिक्षा ऐनहरूमै तोकिन जरूरी छ ।

अन्त्यमा, शिक्षा क्षेत्रमा एउटा प्रश्न उठ्छ- 'हार्वर्ड विश्वविद्यालयमा पढाइ राम्रो भएको र प्राध्यापकहरू दक्ष र अब्बल भएकाले विश्वमा एक नम्बर मानिएको हो कि विश्वभरिका राम्रा विद्यार्थीहरू जति सबै हार्वर्ड जान खोजेकाले यो विश्वविद्यालयको स्तर राम्रो भएको हो ? सायद हार्वर्ड अब्बल हुनमा यी दुवै कुराको योगदान होला तर एउटा घतलाग्दो कुरा के छ भने एउटा बझाङ वा सोलुखुम्बुमा जन्मेको विद्यार्थी हार्वर्ड गएर शैक्षिक उपाधि हासिल गर्न सक्छ भने नेपालको जुनसुकै कुनामा जन्मिनेहरू जीवनमा सफल हुने सामर्थ्य र हैसियत राख्छन्, यदि नेपालको शिक्षा क्षेत्र अब्बल, सर्वसुलभ र गुणस्तरीय भयो भने ।

*(साभार: अनलाइनखबर)*

# दशक बित्दा पनि सकिएन गरिब गणना

काठमाडौं/सरकारले २०७० जेठदेखि सुरु गरेको गरिब घर परिवार गणना अझै सकिएको छैन । २३ जिल्लाबाट सुरु भएको गरिब घर परिवार गणना अहिलेसम्म नसकिएको हो । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका एक अधिकारीका अनुसार देशभरिका ७ पालिकाबाट गणनाको विवरण अझै आएको छैन ।



उनका अनुसार बागमती प्रदेश काठमाडौं महानगरपालिका, सप्तरीका अग्निसाइर कृष्ण सवरन, महादेवा, तिरहुत र छिन्नमस्ता गाउँपालिका, धनुषा औरही गाउँपालिका तथा दाङ तुलसीपुर उपमहानगरपालिकामा अहिलेसम्म गरिब घर परिवारको गणना विवरण नआएको हो ।

'सकिनुपर्ने त धेरै अगाडि नै हो, कतिपय पालिकाले गणकहरू नै नियुक्त गरेका छैनन् । पालिकाहरूले नियुक्त गरेका गणकलाई मन्त्रालयले तालिम र बजेट नै दिन्छ,' मन्त्रालयका ती अधिकारीले भने, 'तर, नियुक्त नभएकै कारण गणना ढिला भइरहेको हो ।'

**यो वर्ष सकिँदैन : मन्त्रालय**

गरिबी निवारण मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टले चालु आर्थिक वर्ष २०८०/८१ मा पनि गरिब घर परिवार गणनाको काम गर्न नसकिने बताए । 'एक दशक भयो तर अहिलेसम्म सकिएको छैन, यो वर्ष पनि सकिँदैन,' भट्टले भने, 'आगामी आर्थिक वर्ष चाहिँ सकिन्छ जस्तो लागेको छ ।'

सरकारले २०६९ मा गरिब घर परिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण निर्देशिका जारी गरेर समन्वय बोर्डमार्फत २०७० सालबाट गरिब घर परिवार गणना सुरु गरेको थियो । २०७४ देखि उक्त बोर्ड मन्त्रालयमा गाभिएर मन्त्रालयले स्थानीय तहमार्फत गणनालाई निरन्तरता दिए पनि अहिलेसम्म नसकिएको हो ।

गरिबी निवारण मन्त्रालयका सहसचिव कृष्णप्रसाद सापकोटाका अनुसार बाँकी पालिकाको गणना गरेपछि तथ्यांक संकलनको काम सकिने छ । 'हरेक पाँच वर्षमा परिचयपत्र नवीकरण गराउनुपर्ने कानुनी व्यवस्था छ । अहिलेसम्म कसैको पनि परिचयपत्र नवीकरण गरिएको छैन । तथ्यांक संकलनपछि सबै विवरण अद्यावधिक हुनेछ,' सापकोटाले भने ।

उनका अनुसार गरिब परिवारलाई सरकारबाट प्रदान गरिने सुविधा तथा सहयोग अब यसै परिचयपत्रका आधारमा हुनेछ । दीर्घ रोग उपचारका लागि आर्थिक सहयोग, लक्षित वर्गको उपचारसहित राज्यबाट प्रदान गरिने सुविधा यही परिचयपत्रका आधारमा हुनेछ ।

मन्त्रालयले विवरण आइनसकेको बताएपनि दाङको तुलसीपुर उपमहानगरपालिकाले भने गणकहरुबाट तथ्यांक संकलन गरेर मन्त्रालयमा विववरण पठाइसकेको दाबी गरेको छ । प्रमुख प्रशासकीय अधिकृत गेहेन्द्रबहादुर डाँगीले मन्त्रालयलाई गरिब घरपरिवारको तथ्यांक फागुन मसान्तमै बुझाइसकेको दाबी गरे । उनले भने, 'यहाँबाट बुझाएर पठाइसकेका छौं तर मन्त्रालयबाट अन्तिम सर्वेक्षण रिपोर्ट आएको छैन ।'

**काठमाडौंमा बल्ल सुरु हुँदै**

संघीय राजधानी काठमाडौं महानगरपालिकामै भर्खरै गणना सुरु हुन लागेको छ । महानगरमा २५ चैतदेखि गरिब घर परिवार गणना सुरु हुनेछ । गणना कार्यमा खटिने गणक र गणकको सुपरीवेक्षण गर्ने सुपरीवेक्षकका लागि मंगलबारदेखि महानगरले थापाथली इन्जिनियरिङ क्याम्पसमा चारदिने तालिम सुरु गरेको छ ।

तालिम सुरु गर्दै महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियारले अवस्था अनुमान गरेर विवरण नभर्न गणकहरूलाई निर्देशन दिएका छन् । 'महानगरभित्र रहेको गरिब तथ्यांकबाट नीति, योजना तथा कार्यक्रम निर्माण हुन्छ । फिल्ड जानुअघि यसको संवेदनशीलता बुझ्नुपर्छ,' उनले भने ।

चारदिने तालिममध्ये पहिलो दुई दिन सैद्धान्तिक र पछिल्ला दुई दिन प्रयोगात्मक हुनेछन् । सैद्धान्तिक कक्षामा गरिबी, गरिब परिचयपत्र, विवरण संकलन र परिचयपत्रको कानुनी पक्ष र प्राविधिक कक्षामा 'ट्याबलेट' प्रयोग गरेर अनलाइन प्रणालीमा आधारित विवरण संकलन, भण्डारण गर्न र सम्बन्धित अधिकारीको पहुँचमा पठाउने विधि सिकाइने महानगरले जनाएको छ ।

प्रशिक्षणका लागि महानगरपालिकाले ८ देखि १२ चैतसम्म २६ अधिकारीलाई प्रशिक्षण दिएर प्रशिक्षक बनाएको छ ।

**छिन्नमस्ताले जेठ भित्र सक्ने**

सप्तरी छिन्नमस्ता गाउँपालिकाले जेठ मसान्तसम्म गणनाको काम सकिने जनाएको छ । गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले गणकहरू नियुक्त गरेर अहिले गणनाको काम भइरहेको बताए । 'गरिब घर परिवार गणनाको काम लगभग आधा सकिइसकेको छ । जेठ मसान्तसम्म मन्त्रालयलाई विवरण पठाउँछौं,' अध्यक्ष चौधरीले संचारकर्मीसँग भने ।

उनले कर्मचारी अभाव र गाउँपालिकाको आन्तरिक समस्याका कारण गरिब घर परिवार गणना बेलैमा सुरु गर्न नसकिएको बताए । धनुषा औरही गाउँपालिकाले चैतदेखि गणना सुरु गरेको छ । '६ महिनामा सकिने लक्ष्य राखेर काम सुरु गरेका छौं । गणकहरू नियुक्त नगर्दा सुरु भएको थिएन । अब धमाधम तथ्यांक संकलनका लागि पालिकाले गणकहरू पठाइरहेको छ । चालु आवमै मन्त्रालयमा विवरण दिने लक्ष्य राखेका छौं,' गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सवीरकुमार महतोले भने ।

सप्तरीकै अग्नीसाइर कृष्णा सवरन गाउँपालिकाले सुपरीवेक्षक र गणकहरू नियुक्त गरेर काम सुरु गरिसकेको जनाएको छ । 'संकलनको काम सुरु हुँदैछ, गणकहरू नियुक्त भइसकेका छन् । नियुक्तिको ६ महिनामा बुझाउनुपर्ने सीमा तोकेकाले रिजल्ट छिट्टै आउला,' गाउँपालिकाका एक कर्मचारीले भने ।

सप्तरीकै महादेवा गाउँपालिकाले गणकहरू नियुक्त गर्ने प्रक्रिया भर्खरै सुरु गरेको छ । गाउँपालिका उपाध्यक्ष अर्चनाकुमारी यादवले गणकहरू नियुक्त गरेको बताए पनि काम कहिलेबाट सुरु हुन्छ भन्ने थाहा नभएको बताइन् । 'गणकहरू चाहिँ गाउँपालिकाले राख्न दुई दिन अगाडि मान्छे बोलाएको थियो । अब कहिले सुरु हुन्छ, कसरी हुन्छ त मलाई थाहा छैन,' यादवले भनिन् ।

सप्तरीकै तिरहुत गाउँपालिकाले अहिलेसम्म गरिब घर परिवार पहिचान कार्यक्रम सुरु गर्न सकेको छैन । गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत गोसाइ यादवले कर्मचारी प्रमुख परिवर्तन भइरहँदा सुरु हुन नसकेको बताए । 'गाउँपालिकामा हाकिम आएर काम सुरु गर्ने बित्तिकै स्रुवा हुन्छ, गणक, सुपरीवेक्षक नियुक्त नभएर तथ्यांकको काम सुरु हुन नसकेको हो,' यादवले भने । *(स्रोत: अनलाइनखबर)*

# हेटौंडाका 'हर्के हल्दार' सापकोटाले ल्याउँदै नयाँ श्रृंखला

साझाकुरा संवाददाता



हेटौंडा, २१ चैत/हेटौंडा विष्णु सापकोटालाई उनको नामले भन्दा पनि टेलिसिरियलको 'हर्के हल्दार'को नामले ज्यादा चिन्ने गर्छन् । उनले झण्डै १२ वर्ष 'हर्के हल्दार' सिरियल खेले ।

श्रृंखलाले उनलाई यति चर्चा दिलायो कि, उनको आफ्नै नामसमेत ओझेलमा छ । सम्भवत: उनी 'छक्कापञ्जा ५'मा देखिनेछन् । 'छक्कापञ्जा'को पहिलो भागपछि उनी यो श्रृंखलामा फर्किएनन् । तर, यसपटक कमब्याक जुरेको संकेत उनले गरे । किनभने, उनले २५ भन्दा धेरै फिल्ममा काम गरिसकेका छन् । सापकोटाका फ्यानलाई उनको आगामी सिरियलबारे नयाँ खबर छ । नाम तय नभइसकेको उनको १० भागको नयाँ श्रृंखला बैशाख अन्त्यदेखि आउँदैछ ।

दशवटै भागको छायांकन हेटौंडा, नवलपुर र बसामाडी क्षेत्रमा छायांकन भइसकेको छ । आफ्नो युट्युव च्यानलबाट यो सिरियल ल्याउने उनको तयारी छ । दिवंगत निर्देशक शिव रेग्मीसँग लामो समय निर्देशन सहायकको अनुभव लिएका भद्र भुजेलले यो श्रृंखला निर्देशन गरेका हुन् । रेग्मीसँग विष्णुको पनि साइनो यसकारण छ कि, रेग्मी निर्देशित 'आफन्त'बाट उनले फिल्ममा डेब्यु गरेका हुन् ।

यो फेमिली-ड्रामाले हेटौंडा उपमहानगर-११ सेरोफेरोको कथा भन्छ । सापकोटाको स्थायी घर पनि हेटौंडा-११ नै हो । सिरियलको लेखक, निर्माता र शीर्ष कलाकारमा सापकोटा स्वयम् छन् । 'यो परिवारभित्रकै कथावस्तु हो' नयाँ सिरियलबारे उनले भने । यो श्रृंखलामा लक्ष्मीनाथ तिमिल्सिना, अन्जु हमाल, सुकीर्ति खरेल, अस्मिता बस्नेत, पुष्प आचार्य र प्रेम श्रेष्ठले पनि अभिनय गर्नेछन् । उनले गत महिना मधुसुधन भट्टराईको फिल्म 'हामी तीन भाइ'को छायांकन पनि सकेका छन् ।

'हर्के हल्दार'पछि सापकोटाको सिरियल यात्रा स्थायी रहेन । त्यसपछि केही समय 'रिटायर हल्दार'मा काम गरे । एकवर्ष स्क्रिप्ट लेखनमा काम गरेका उनले त्यो छाडेपछि अर्को श्रृंखला 'बा आमा' बनाएका थिए । यो श्रृंखलाको १३ एपिसोडबाट छाडेपछि उनले बेगम नेपालीको 'गाह्रो छ हो' गरे । उनले अब सकेसम्म एउटै सिरियलमा टिक्ने प्रयास गर्ने बताएका छन् ।

# 'डिग्री माइला' गीतमा दयाहाङ र आँचलको नोकझोंक



काठमाडौं/नयाँ वर्ष २०८१ को अवसर पारेर चैत ३० गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'डिग्री माइला'को नयाँ गीत 'किन ?' सार्वजनिक गरिएको छ । बुधबार सार्वजनिक गीतमा हेमन्त रानाको शब्द रचना, संगीत तथा गायन रहेको छ । गीतमा अभिनेता दयाहाङ राई र अभिनेत्री आँचल बीचको नोकझोंकपूर्ण प्रेम देख्न सकिन्छ । फिल्मले अन्तरजातीय प्रेमकथालाई पनि उठाएको संकेत गीतले गर्छ ।

रामबाबु गुरुङको निर्देशनमा तयार भएको फिल्ममा प्रकाश घिमिरे, विजय बराल, माओत्से गुरुङ, बुद्धि तामाङ, हिउँवाला गौतम, कमलमणि नेपाल, सोमनाथ खनाल, पशुपति राई, लोकेन्द्र लेखक आदिको पनि अभिनय रहेको छ । 'किन चाउरिस मरिच आफ्नै रागले' भन्ने उखानलाई स्लोगन बनाइएको फिल्ममा शिवराम श्रेष्ठ र रिले एच. शेनको छायांकन छ भने निमेष श्रेष्ठको सम्पादन छ ।

फिल्मको निर्माताहरुमा विशाल गुरुङ, मणिराम पोखरेल, मधु मिजार तथा सुष्मा गुरुङ छन् । कार्यकारी निर्माता क्रिश लामा हुन् । 'डिग्री माइला' नाटकमाथि बनेको फिल्म हो । २०६९ र २०७१ सालमा मण्डला थिएटरमा 'डिग्री माइला' नाटक मञ्चन भएको थियो । नाटकलाई दयाहाङले निर्देशन गरेका थिए । रामबाबुले नाटककै कथालाई केही परिमार्जित गरेर फिल्मको स्वरुप दिएका हुन् ।

# नेपालको ऊर्जा क्षेत्रमा लगानी भित्र्याउन भारतीय व्यवसायीसँग आग्रह




काठमाडौं/स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) ले नेपालको ऊर्जा क्षेत्रमा लगानी भित्र्याउन भारतीय व्यवसायीसँग आग्रह गरेको छ । इप्पान अध्यक्ष गणेश कार्कीले नेपालको ऊर्जा क्षेत्रमा भारतीय कम्पनीलाई लगानी र व्यापारका लागि सबैभन्दा ठूलो अवसर आएको बताए ।

बुधबार नयाँदिल्लीस्थित नेपाली दूतावासले आयोजना गरेको 'द पावर समिट २०२४' मा अध्यक्ष कार्कीले ऊर्जामा ठूलठूला आयोजना अघि बढेकाले भारतीय लगानीकर्ता र व्यवसायीका लागि अहिले सबैभन्दा ठूलो अवसर आएको बताए ।

'नेपालमा सन् २०३५ सम्ममा २८ हजार ५ सय मेगावाट विद्युत् उत्पादन लक्ष्यसहित मार्गचित्र तयार भइसकेको छ, यसले भारतीय लगानीकर्तालाई लगानीका लागि ठूलो अवसर निर्माण भएको छ,' कार्कीले भने, 'ऊर्जामा उपयोग हुने अधिकांश प्रविधिदेखि मेसिन र उपकरण समेत भारतबाटै आउने हुनाले व्यापार र व्यवसायका लागि पनि ठूलो अवसर सिर्जना हुँदैछ ।'

नेपालले उत्पादन गर्ने उक्त परिमाणको विद्युतमध्ये १५ हजार मेगावाट भारत र बंगलादेशमा निर्यात गर्ने उद्देश्य राखेको र भर्खरै नेपाल र भारतबीच १० हजार मेगावाट विद्युत् खरिद-बिक्रीको दीर्घकालीन विद्युत् व्यापार सम्झौता भएकाले भारतीय लगानीकर्ताले आँखा चिम्लेर नेपालमा लगानी गर्दा पनि फरक नपर्ने कार्कीको भनाइ छ ।

नेपालमा अहिले करिब ३ हजार मेगावाट विद्युत् उत्पादन हुँदा २ हजार ३ सय मेगावाट निजी क्षेत्रबाट मात्रै उत्पादन भइरहेको, ३ हजार ३ सय मेगावाट निर्माणाधीन, ३ हजार ६ सय मेगावाटका आयोजना वित्तीय व्यवस्थापन पर्खाइमा र १० हजार मेगावाटका आयोजना पीपीएको पर्खाइमा छन् ।

सबै गरी ३० हजार मेगावाट विद्युत् आयोजना विभिन्न चरणमा रहेको र तत्कालै लगानी गरेर विकास गर्न सकिने 'रेडी टु गो' आयोजना संख्या समेत धेरै रहेकाले भारतीय लगानीकर्तालाई ढुक्क भएर नेपालमा लगानी गर्न कार्कीले आग्रह गरे ।

ऊर्जा उत्पादकहरूको छाता संस्थाको हैसियतमा इप्पानले नेपाल आउने जोसुकै लगानीकर्तालाई पनि सहजीकरण र सहयोग गर्ने पनि उनले बताए । अहिले नेपाल र भारतबीच अन्तरदेशीय विद्युत् व्यापार सम्झौता अन्तर्गत १ हजार मेगावाटसम्म विद्युत् आदान प्रदान भइरहेको स्मरण गराउँदै इप्पान अध्यक्ष कार्कीले निजी क्षेत्र पनि भारतीय निजी क्षेत्रसँग मिलेर ऊर्जा विकासमा सहकार्य गर्नुका साथै विद्युत व्यापारमा पनि सहभागिताका लागि अघि बढेको बताए ।

उनले भारतसँगको विद्युत् आदान प्रदानका लागि नेपालमा पाँच कम्पनी स्थापना भइसकेको र अनुमतिपत्र कुरिरहेको जानकारी दिए । इप्पान अध्यक्ष कार्कीले आगामी १२, १३ र १४ वैशाख (अप्रिल २४, २५ र २६) मा इप्पानले 'हिमालयन हाइड्रो एक्स्पो' आयोजना गर्ने जानकारी दिए । यसमा सहभागी हुन लगानीकर्ता, उत्पादनकर्ता, आपूर्तिकर्ता लगायतलाई उनले आग्रह गरे ।

भारतका लागि नेपालका राजदूत डा. शंकर शर्माले नेपालमा ऊर्जामा लगानी गर्न उपयुक्त वातावरण रहेको बताउँदै ढुक्क भएर लगानी गर्न आग्रह गरे । 'अहिले नेपालमा ऊर्जामा लगानी गर्न उपयुक्त वातावरण बनेको छ, लगानी सम्मेलन लक्षित विभिन्न कानुन समेत संशोधन हुन लागेका छन्, अझ सहज वातावरण बन्दै छ,' उनले भने, 'नेपालमा धेरै लगानीयोग्य आयोजना छन्, ढुक्क भएर लगानी गर्दा हुन्छ ।'

समिटमा भारतको ऊर्जा मन्त्रालयका श्रीकान्त नागुलापालीले ऊर्जामा दुई देशबीच सहकार्य, समन्वय र सहजीकरण भइरहेको र भविष्यमा पनि यसैगरी अघि बढ्ने बताए । अडानी ग्रुपका उपाध्यक्ष जयरामन पुनीधानले नेपालमा ऊर्जामा लगानीको ठूलो सम्भावना देखेको बताउँदै लगानीको लागि आफूहरू इच्छुक रहेको बताए ।

लगानी बोर्डका सहसचिव बाबुराज अधिकारीले कार्यपत्र प्रस्तुत गर्दै लगानी सम्मेलनमा आउन आह्वान गरे । केयर रेटिङ लिमिटेडका वरिष्ठ निर्देशक सव्यासची मजुमदारले नेपालको ऊर्जा विकासका लागि रेटिङ महत्वपूर्ण हुने बताए । समिटमा नेपाल र भारतका ऊर्जा सम्बन्धित सरकारी तथा निजी क्षेत्रका १ सय ५० भन्दा बढी प्रतिनीधि सहभागी थिए । *(स्रोत: अनलाइनखबर)*

# प्रचण्डको त्यो फोन, जसले राजीनामा दिन बाध्य भए शर्मा



सुर्खेत/कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले राजीनामा दिएका छन् । उनले बुधबार प्रदेशसभा बैठकलाई सम्बोधन गर्दै राजीनामाको घोषणा गरेका हुन् । लगत्तै प्रदेश प्रमुखलाई भेटेर राजीनामा पत्र बुझाएका छन् ।

माओवादी संसदीय दलका नेता समेत रहेका शर्माले पार्टी अध्यक्षको निर्देशनलाई चुनौती दिँदै विश्वासको मत लिएर मात्रै सत्ता छोड्ने अडान लिएका थिए । शर्माले सहजै सत्ता छाड्ने नदेखेपछि प्रचण्डले पूर्व मुख्यमन्त्री समेत रहको महेन्द्रबहादुर शाहीलाई मंगलबार बिहानै सहजीकरणका लागि सुर्खेत पठाएका थिए ।

प्रदेश राजधानी वीरेन्द्रनगरस्थित मुख्यमन्त्री निवासमा मंगलबार बिहानैदेखि नेता शाही, प्रदेश इन्चार्ज कालीबहादुर मल्ल, प्रदेश अध्यक्ष विमला केसी लगायतका नेताहरूले शर्मालाई मनाउने प्रयास गरे । एमालेका नेताहरूलाई समेत राखेर प्याकेजमै सहमति गराउन खोजे । तर शर्माले विश्वासको मत लिने अडानमा टसकामस भएनन् । 'केन्द्रबाट निर्णय ढिलो आयो, म संवैधानिक प्रक्रिया अनुसार विश्वासको मत लिने प्रक्रियामा गइसक्केको छु । विश्वासको मत लिएरै छाड्छु', नेताहरूलाई शर्माले बारम्बार एउटै जवाफ दिए ।

मंगलबार दिउँसो तीन बजे विश्वासको मत लिने तयारीमा रहेका शर्माले प्रदेश सभालाई अर्को पत्र पठाउँदै बुधबार दिउँसो विश्वासको मत लिने वातावरण मिलाउन आग्रह गरे । बुधबार बिहानैदेखि माओवादी नेताहरू पुन: शर्मालाई मनाउने प्रयासमा जुटे । शाही र मल्लले आफ्नै दलका नेताहरूका साथै एमाले संसदीय दलका नेता यमलाल कँडेल, प्रदेश इन्चार्ज लेखराज भट्ट लगायतका नेताहरूसँग संयुक्त र छुट्टाछुट्टै छलफल गरे । तर पनि शर्मा र कँडेलले आ-आफ्ना अडान छाडेनन् ।

प्रचण्डले केन्द्रको निर्णय कार्यान्वयन गराउन पूर्व मुख्यमन्त्री शाही र प्रदेश इन्चार्ज मल्ललाई निर्देशन दिए । शाही र मल्लले पार्टी केन्द्रको निर्णय कार्यान्वयन गर्न चाहे पनि संसदीय दल विपक्षमा उभियो । माओवादी सांसदहरू विश्वासको मत लिनुपर्ने पक्षमै थिए । बुधबार दिउँसो १ बजेसम्म पनि शर्माले विश्वासको मत लिएर मात्रै राजीनामा दिने अडान कायमै राखेका थिए ।

प्रधानमन्त्री एवं पार्टी अध्यक्ष प्रचण्डले पुन फोन गरेर कारबाही गर्ने चेतावनी दिएपछि उनी गले । 'सकेसम्म पुरै कार्यकाल, नसके अझै डेढ वर्ष जसरी पनि सरकारको नेतृत्व नछोड्ने राजकुमार कमरेडको चाहना थियो', माओवादीका एक प्रदेश सांसद भन्छन्, 'अन्तिम समयमा अध्यक्ष कमरेडले फोन गरेर केन्द्रीय सहमति अनुसार राजीनामा दिएर एमालेलाई नसघाए कडा कारबाही गर्ने चेतावनी दिनुभयो । अनि बल्ल राजीनामा दिन बाध्य हुनुभयो ।'

प्रदेशसभालाई सम्बोधनका क्रममा उनले प्रदेशको स्वायत्त अधिकारमाथि संघले हस्तक्षेप गरेको भन्दै असन्तुष्टि जनाए । 'संघको केन्द्रीकृत र सामन्ति सोचका कारण संविधान कार्यान्वयन गर्न कठिनाइ भएको छ', उनले प्रचण्डलाई लक्षित गर्दै भनेका छन् । २७ पुस ०७९ गते एमालेकै समर्थनमा मुख्यमन्त्री बनेका शर्मा झन्डै १५ महिना पछि सरकारबाट बाहिरिएका छन् ।

शर्माको राजीनामासँगै प्रदेश प्रमुख तिलक परियारले ७ दिनको समय दिएर नयाँ सरकार गठन गर्न आह्वान गरेका छन् । माओवादी र एकीकृत समाजवादीको समर्थन लिएर मुख्यमन्त्रीमा दाबी गर्ने एमाले संसदीय दलका नेता यामलाल कँडेलको तयारी छ । ४० सदस्यीय प्रदेशसभामा माओवादीका १३, एमालेका ९ (सभामुख बाहेक) र एकीकृत समाजवादीका एक सांसद छन् । *(स्रोत: अनलाइनखबर)*

# ११ महिनामा दयाहाङका ८ फिल्म, कमाई ३४ करोडमाथि

काठमाडौं/नाटक हुँदै सहायक चरित्रबाट फिल्ममा आफ्नो करिअर सुरु गरेका अभिनेता दयाहाङ राई अहिले नेपाली फिल्मकै सबैभन्दा ठूलो 'स्टार' बनेका छन् । विगत २/३ वर्षयता फिल्म इन्डस्ट्री नै उनमा निर्भर छ भन्दा अतिशयुक्ति हुँदैन । किनकि, माग पनि उनकै छ र फिल्म पनि उनकै चलिरहेका छन् । अहिले उनको हातमा २० वटाभन्दा बढी छन् । र, उनीमाथि ३० करोडमाथिको लगानी छ ।

केही वर्षयता दयाहाङ नेपाली फिल्मको 'नम्बर वान' नायकको स्थानमा छन् । यस वर्ष पनि उनी यो स्थानबाट डगमगाएका छैनन् । गएको ११ महिना (बैशाखदेखि फागुनसम्म)मा उनको ८ वटा फिलम रिलिज भए । त्यसमध्ये ४ फिल्म फ्लप हुँदा बाँकी दुई फिल्म हिट भए भने एक सुपरहिट र एक ब्लकबस्टर सावित भयो । यस वर्ष सर्वाधिक कमाई गर्ने फिल्मको रेकर्ड नै उनको नाममा छ ।

बैशाख १ गते उनका आफ्नै दुई फिल्म 'जारी' र 'बिहे पास'बीच भिडन्त भएको थियो । त्यसमध्ये 'जारी'ले १७ करोडमाथिको कमाई गर्दै ब्लकबस्टरको रेकर्ड राख्यो । 'बिहे पास' भने १ करोडमा टुंगिँदा फ्लप बन्यो । जेठमा आएको उनको अर्को फिल्म 'नीरफूल' पनि चलेन । यसको कमाई २५ लाख पनि छैन । गत भदौमा आएको 'नाङ्गो गाउँ' भने ३ करोडमाथिको कमाईसहित हिट बन्यो ।

त्यसैगरी, कात्तिकमा रिलिज भएको दयाहाङको अर्को फिल्म 'दिमाग खराब' ९ करोडमाथिको कमाई गर्दै सुपरहिट सावित भयो । गत माघ २६ गते भने उनका आफ्नै दुई फिल्म 'दयारानी' र 'हात्तीछाप' एकसाथ रिलिज भए । यसमध्ये 'दयारानी' लगानी उठाउँदै हिटको सूचीमा पऱ्यो । फिल्मको व्यापार २ करोड ६० लाखमाथि छ । 'हात्तीछाप' भने १ करोड १० लाखमा समेटिँदै फ्लप बन्यो ।

गत फागुनमा रिलिज भएको दयाहाङको अर्को फिल्म 'रङ्गेली' पनि फ्लप हुनबाट जोगिएन । यसको कमाई ५५ लाख हाराहारी छ । यसरी हेर्दा ११ महिनामा उनका ८ वटा फिल्मले ३४ करोडमाथि कमाई गरेका छन् । सम्भवत: नेपाली फिल्मको इतिहासमै एक वर्षमा एउटै नायकको फिल्मले यति ठूलो व्यापार गरेको रेकर्ड छैन । तसर्थ उनी यस वर्षको सबैभन्दा सफल नायक बनेका छन् ।

अब यही चैत ३० गतेबाट दयाहाङको अर्को फिल्म 'डिग्री माइला' प्रदर्शन हुँदैछ । यस वर्षको अन्तिम दिनमा रिलिज हुन लागेकोले फिल्मको व्यापार यसै वर्ष जोडिनेछ । यो फिल्म हिट हुनसक्ने चर्चा छ । आगामी बैशाख २१ गते रिलिज हुन लागेको 'मनसरा' पनि उनको आशातित फिल्ममध्ये एक हो । यो हिसाबले दयाहाङको यस वर्षको विदाई र अर्को वर्षको सुरुवात दुवै राम्रो हुने देखिन्छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# बागमतीमा अनौठो सर्प भेटियो, हेर्न आउनेको भीड

साझाकुरा संवाददाता

हेटौंडा, २१ चैत/ मकवानपुरको पूर्वीक्षेत्र बागमती गाउँपालिका-७ लामिटार चापडमा अनौठो प्रकारको सर्प भेटिएपछि नागदेवताको रुप भन्दै पूजा र दर्शन गर्न आउनेको भीड लागेको छ ।



संजिता सिंतान ब्रामुको घर नजिकै फागुन १२ गते दिउँसो देखापरेको सर्पलाइ नागको रुप मान्दै पूजा गर्ने र हेर्न आउनेको भीड लागेको हो । यो स्थानमा दैनिक बिहानैदेखि नाग देवता (सर्प) को दर्शन गर्नेहरुको भीड लाग्ने तथा दैनिक मानिसले पूजासमेत गर्दै आएको बागमती गाउँपालिका-८ का वडाअध्यक्ष केशव तिमल्सिनाले जानकारी दिए । 'म पनि दुइ/तीन पटक यहाँ आइसकेँ, मलाई पनि अनौठो लागेको छ, साच्चै केही न केही शक्ति छ, काठमाडौं, ललितपुर, चितवनबाट हेर्न मानिसहरु आउनुभएको छ,' वडाअध्यक्ष तिमल्सिनाले भने । उनले यहाँ सेतीनाग मन्दिर स्थापना गर्नुपर्ने बताए ।

त्यस्तै स्थानीय शंकर पराजुलीले मानव र जनावरबीच अन्तरसम्बन्ध रहेकाले सर्पको सबैले संरक्षण गर्नुपर्ने बताउँदै यो आस्थासँग जोडिएको बिषय रहेको बताए । सर्प घरछेउको खेतको दुलोबाट दैनिक बिहान ११ बजे निस्केर अपरान्ह ४ बजेसम्म एउटै स्थानमा बस्ने गरेको बलराम ब्रामुले बताएका छन् । संजिताले सर्प नाग भएको भन्दै जिउमा बोक्ने संगै राख्ने गर्दै आएकी छिन् । यो स्थानमा शिवको प्रतिमा सहितको सानो मन्दिर स्थापना गरिएको छ ।

यता सर्प उद्दारकर्ता सुनिल सापकोटाले सर्प नाग नभएर तामे टाउके श्रृंगारे सर्प भएको बताए । उनले सर्पलाई घाँटीमा नबेर्न र नखेलाउन तथा आस्थाको नाममा भ्रम नफैलाउन आग्रह गरे । हातमा लिएर खेलाएको बच्चाले देख्दा अन्य बिषालु सर्प खेलाउँदा सर्पले टोक्न सक्ने भएकाले सचेत रहन आग्रह गरे ।

यो सर्प बिषालु नभएकाले मानिसलाई हानी नगर्ने, मानिसको घर वरपर देखिने तथा मुसाहरु खाने भएकाले समाउने र थुनेर नराख्न सुझाव दिए । 'सबै सर्पलाई नाग भनेर पूजा गर्ने हो तर, समाउने थुनेर राख्दा समस्या हुन्छ, जनावरलाई टचर भयो,' उनले भने । दुध चढाउने, धुप बाल्ने र अविर हाल्ने गर्दा सर्पको स्वास्थ्यमा गम्भिर असर पुगेर सर्प मर्न पनि सक्ने भएकाले सर्पलाई नजिकै जंगल वा सुरक्षित स्थानमा छाड्न उनले सुझाव दिए ।

# ५ नम्बर वडामा योजनाका लागि सुझाव संकलन

साझाकुरा संवाददाता

हेटौंडा, २१ चैत/हेटौंडा उपमहानगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/८२ को वार्षिक योजना निर्माणका लागि ५ नम्बर वडाबाट सुझाव संकलन गरिएको छ ।

हेटौंडा-५ मा सरोकार वालासँग छलफल तथा सुझाव संकलन गरिएको हेटौंडा उपमहानगर पालिकाले जनाएको छ । सरोकार वालाबाट नगर विकासका धारणा सुन्नका लागि नगरप्रमुख मीनाकुमारी लामा तथा उपप्रमुख राजेश बानियाँ वडा नम्बर ५ मा पुगेका थिए । कार्यक्रममा सरोकारवालासँगै वडा नम्बर ५ का वडाअध्यक्ष तथा नगर प्रमुख लामा, उपप्रमुख बानियाँ र अन्य उयपस्थितले आफ्नो धारणा राखेका थिए ।

कार्यक्रममा प्रतिनिधिको धारणा सुनेसँगै नगरप्रमुख लामाले सरोकारवालाको सुझावअनुसार बजेट निर्माण गर्ने बताएकी थिइन् ।

वार्षिक योजना निर्माणका लागि हेटौंडा उपमहानगरपालिकाले उपमहानगरभित्रका १९ वटै वडाबाट नगरवासीको धारणा संकलन गरिरहेको छ । नगरवासीको धारणा संकलन गर्ने कार्यक्रम यसअघि नै वडा नम्बर १, ३ र ४ मा सम्पन्न भइसकेको छ ।

# भन्सार छलेर ल्याइएको ७७ लाख रुपैयाँको सामान बरामद

साझाकुरा संवाददाता

हेटौंडा, २१ चैत/ मकवानपुरको मनहरी गाउँपालिका वडा नं.७ बाट प्रहरीले ७७ लाख रुपैयाँ मूल्य बराबरको भन्सार छलिका मालसमान बरामद गरेको छ । इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरी टोलीले मंगलबार पूर्व पश्चिम राजमार्गअन्तर्गत लोथरबाट हेटौंडातर्फ आउँदै गरेको बागमती विएडी ४३७० नम्बरको गाडीबाट यो मालसामान बरामद गरेको हो ।

गाडीलाई रीतपूर्वक चेकजाँच गर्दा गाडीमा अवैधरुपमा भन्सार छलि गरेर चोरीपैठारी माध्यमबाट बिलबिजक नभएका साडी, कुर्थासुरुवाल, टि-सर्ट, पाईन्ट, जुत्तालगायत लत्ताकपडा २७४४ थान, आइफोन, सामसुङ, भिभो, आइटेल, रेड्मीलगायत ८२ थान मोवाइल र सवारीसाधन बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीका अनुसार माल सामान ७७ लाख रुपैयाँ मूल्य बराबरको रहेको छ । मालसमान सहित गाडी चालक उदयपुर त्रियुगा नगरपालिका-१३ बस्ने वर्ष २८ को राजकुमार चौधरीलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान तथा कारबाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारा पठाइएको प्रहरीले जनाएको छ ।

# पशुपतिनाथ माविमा दातालाई भव्य स्वागत

साझाकुरा संवाददाता

हेटौंडा, २१ चैत/मनहरी गाउँपालिकास्थित पशुपतिनाथ माविमा बालबालिकालाई सहयोग गर्ने दातृसंस्थाका प्रतिनिधिलाई स्वागत गरिएको छ ।

विद्यालयमा अध्ययन गर्ने बालबालिकालाई बिगत ७ वर्षदेखि शैक्षिक सामग्री, विद्यालय पोशाक, झोला, न्यानो कपडालगायत सहयोग गर्ने हेल्प-कोड इन्टरनेशनलका अध्यक्ष तथा प्रबन्धकलाई स्वागत गरिएको हो ।

हेल्पकोड ईन्टरनेशनलका अध्यक्ष जिओर्जीओ जागामी र प्रबन्धक चिआरा क्वीन्टाभाल (स्वीस नागरिक) लाई विद्यालयले बुधबार स्वागत गरेको हो । विद्यालय भ्रमणका क्रममा मनहरीको मसिने आइपुगेका दातालाई विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष माधव गौतमले नेपाली ढाकाटोपी, खादा, माला पहिराएर स्वागत गरेका हुन् ।

विब्यस अध्यक्ष गौतमको सभाध्यक्षता र मनहरी गाउँपालिका शिक्षाप्रमुख प्रदीप पराजुलीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विद्यार्थी, अभिभावक, शिक्षकको सहभागिता रहेको थियो ।

गाउँ शिक्षाप्रमुख पराजुलीले हेल्पकोडले मनहरी-४ का तीनवटा र मनहरी-३ को एक गरी चारवटा विद्यालयका बाल बालिकालाई सहयोग गरेर गाउँपाकिलालाई नै सहयोग गरिरहेको बताए ।

उपभोक्ताको जानकारी पाउने अधिकारको रक्षा गरौ

वस्तु उत्पादक कम्पनीहरुले आफ्नो उत्पादनमाः
- उत्पादकको नाम, ठेगाना र उद्योग दर्ता नम्बर,
- खाद्य पदार्थ र औषधि जस्ता वस्तुमा मिश्रण, परिमाण र तौल,
- गुणस्तर निर्धारण भएको वस्तुमा गुणस्तर चिन्ह,
- वस्तु उपभोग गर्ने तरिका,
- वस्तुको उपभोग गर्दा हुन सक्ने प्रभाव,
- वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति उल्लेख गर्नु पर्दछ ।

त्यस्तो गरेको नपाइए तत्काल वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा उजुरी गरौ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

Education is the real treasure

25 Years of Excellence in Education
Celebrating Silver Jubilee

We are hiring...

**Hetauda Academy**, a leading academic institution in Hetauda, offers a multifaceted learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity. We are looking for suitable candidates with proven competencies to work with young students in its various departments for the following positions:

1. **Secondary & Basic Level Faculty :** *Social Studies, Mathematics, Computer Science, English, Science, Nepali, 'Health, Physical & Creative Arts',English Phonics, Nepali Phonics*
2. **School Counsellor**
3. **Officers:** *Event Management, IT Administration, Human Resource*
4. **ECA Instructor :** *Art & Craft, Music, Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing*
5. **Assistants :** *IT Administration, Computer Operator, Front Desk*
6. **Hostel Staffs :** *Cook, Helpers, Gardener* ( भान्से, सहयोगी र माली )

For further details, please visit **www.hetaudaacademy.edu.np/vacancy**

Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 6. Preference will be given to well trained and experienced candidates in related areas.

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send **CV** at ***hr@hetaudaacademy.edu.np*** with 2 references and expected salary not later than **9 April 2024**.

Only shortlisted candidates shall be called for the further selection process. Selection is open, fair, and competitive. Unnecessary job recommendations, by telephone or in-person, shall disqualify a candidate.

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना